# दिगो खानेपानी सरसफाई तथा स्वच्छता परियोजना (SUSWA)

# अन्तर प्रदेश भ्रमण प्रतिवेदन, २०८१

**(२०८१ माघ २३ देखि माघ २९ गतेसम्म)**




**<u>प्रस्तुति</u>**

**ठान बहादुर रोकाया, अध्यक्ष**

**देवकी तिमल्सिना, उपाध्यक्ष**

**उब्जन रोकाया, नि. प्रमुख प्रशासकीय अधिकृत**

## सर्केगाड गाउँपालिका

**हुम्ला**

**१. भ्रमण पृष्ठभुमिः**

सबैका लागि दिगो खानेपानी सरसफाई तथा स्वच्छता परियोजना (SUSWA) कर्नाली प्रदेशको २८ गाउँपालिकामा लागु भएको छ। यो परियोजना सर्केगाड गाउँपालिकामा पनि लागु भएको छ। आयोजना लागु गर्ने क्रममा सर्केगाड गाउँपालिका उत्कृष्ट तीन गाउँपालिकाको रुपमा छनौट भएको र सोही सन्दर्भमा परियोजनाले कर्नाली प्रदेशको सर्केगाड, नौमुले र भगवतीमाई गाउँपालिकाका पदाधिकारीलाई अन्तर प्रदेश भ्रमण गरायो।

**२. भ्रमणको उद्देश्यः**

२.१ मर्मत र सुचारुपनाका लागि खानेपानीको दिगो समाधान दिने।

**३. भ्रमण अवधिः** २०८१ माघ २३ गतेदेखि माघ २९ गतेसम्म।

**४. भ्रमणको उपलव्धी**

भ्रमण सुर्खेतमा जम्मा भएर मध्ये पहाडी लोकमार्ग हुँदै गण्डकी प्रदेश, वागमती प्रदेश र लुम्विनी प्रदेशको भ्रमण गरियो। भ्रमण निम्न अनुसार भयो।

- माघ २४ गते शिवालय खानेपानी उपभोक्ता तथा सरसफाइ संस्था कुस्मा पर्वतको अवलोकन भ्रमण भयो। संस्थाका अध्यक्ष रवि कुमार श्रेष्ठ, पदाधिकारी तथा सरोकारवालाको अनुभव सुनियो। उपभोक्ता मार्फत आफ्नै पहलमा निर्माण भई २६०० खानेपानीको धारा वितरण भएको देखियो। यसले खानेपानी उपभोग गर्नुका साथै स्थानीय आम्दानीको स्रोत बढेको पाइयो।

- माघ २५ गते लेखनाथ खानेपानी उपभोक्ता संस्था पोखराको अवलोकन भ्रमण गरियो। संस्थाका अध्यक्ष मुरारी शर्मा लगायत पदाधिकारी तथा सरोकारवालासँग भेटघाट भयो। यो नेपालकै नमुनायोग्य खानेपानी संस्था हो। यहाँ वगेको पानी, बोरिङ पानी र मौसमी पानी संकलन गरी यहाँका २६ वडामा वितरण गरेको पाइयो। नोवेल सिस्टम प्रयोगमा ल्याएर अटो मेसिन जडान गरिएको जानकारी पाइयो।

- माघ २६ गते पोखरा महा-नगरपालिकाका प्रमुख धनराज आचार्य लगायत पदाधिकारीसँग भेटघाट भयो। उहाँसँग भगिनी सम्बन्धबारे छलफल भयो। शिक्षा, जडीबुटी, कृषि (रैथाने बाली), पर्यटन, फोहरमैला व्यवस्थापन र जलस्रोतबारे सहयोग आदान प्रदान गर्न सकिने देखियो। उहाँले अर्गानिक कर्नाली र मुल्यवान ब्रान्डबारे रुचीपूर्वक चासो व्यक्त गर्नुभयो।

- माघ २६ गते शहीद लखन गाउँपालिका गोर्खामा मनकामना मन्दिरको फोहर व्यवस्थापन तथा सरसफाइको विषयमा वडा अध्यक्ष......... र फोहर व्यवस्थापन समितिसँग छलफल भयो। त्यहाँ नयाँ प्रविधिबाट फोहर व्यवस्थापन गर्ने तयारी भइरहेको जानकारी पाइयो।

- माघ २७ गते भरतपुर महा-नगरपालिका प्रमुख रेनु दाहाल लगायतका पदाधिकारीसँग भेटघाट भयो। मेडिकल सिटी र आइसिटी शहरको रुपमा विकास भइरहेको भरतपुर महा-नगरपालिकासँग भगिनी सम्बन्ध विकास गर्न सकिने देखियो। उहाँसँग स्वास्थ्य, शिक्षा र रैथाने बाली प्रवर्द्धन गर्ने विषयमा छलफल भयो। यहाँ छोरी विमा लागु भएको जानकारी र विकासका लागि राजनैतिक दलभन्दा माथि उठेको पाइयो। यहाँ न्याय सम्पादनमा उत्कृष्टता रहेकाले जिल्ला प्रशासन कार्यालय र सुरक्षा निकायबाट समेत मुद्दा पठाउन थालेको पाइयो।

- माघ २६ गते चितवन रत्ननगर नगरपालिकामा प्रमुख प्रल्हाद सापकोटा सहितका पदाधिकारीसँग भेटघाट भयो। उहाँहरुबाट नगर खानेपानी र शिक्षामा उत्कृष्ट रहेको जानकारी पाइयो। सार्वजनिक निजी सहकार्य गर्ने नीति अख्तियार गर्नपर्ने अनुभव प्राप्त भयो। फोहरमैला व्यवस्थापन राम्रो भएको, सबै वडामा घुम्ती शिवीर चलाएर गर्ववती महिला र पाठ्यघरको मुखको जाँच गर्ने प्रचलन बसेको पाइयो।

- माघ २७ गते चितवन रत्ननगर खानेपानी तथा सरसफाइ उपभोक्ता समिति लगायत उपभोक्ता समूहसँग बसेर छलफल भयो। २०५८ सालमा शुरु भएको, २०६२ बाट वितरण भएको खानेपानीलाई यहाँ दमकल र एम्बुलेन्सले जस्तै सेवा दिनुपर्ने धारणा विकास भएको पाइयो। उहाँहरुले भौतिक पूर्वाधार निर्माण गर्दा मुल जोगाउन जोड दिनुपर्ने र नागरिक हितलाई ध्यान राखेर खानेपानी व्यवस्था गर्नुपर्नेमा जोड दिनुभयो। १६ वटै वडामा को मरेमा मृतक घरलाई १५ दिन निःशुल्क खानेपानी वितरण गरेको जानकारी पाइयो।

- माघ २८ गते तिलोतमा नगरपालिका नवलपरासीको वन तथा वातावरण शाखा प्रमुख गोरखनाथ खानल लगायतसँग भेटघाट भयो। यहाँ राष्ट्रियगान र नगर गान गाएपछि आजको विचार राखेर कार्य सुचारु हुन्छ। १० पृष्ठसम्म फोटोकपी गर्न निशुल्क हुन्छ। यो नगरपालिकामा पूर्ण सरसफाइ भएको छ। प्रत्येक शनिवार सरसफाइ हुन्छ। यहाँ १७ वडा रहेका छन्। सबै सामुदायिक विद्यालयमा एउटै रंग रोगन भएको छ। जनश्रमबाट ८७ हजार बोरा पोलिथन संकलन गरी डढाएपछि शुन्य खुला पोलिथिन नगरपालिका घोषणा भएको छ। पालिका स्तरीय लगानी सम्मेलन २०७६ मा गरेको अनुभव समेत सुन्न पाइयो। यहाँ योजना बैंक बनेको छ। न्यायिक समितिको कानुन आफैले बनाएर लागु गरेको पहिलो

नगरपालिका हो भन्ने जानकारी पाइयो। यहाँ ४८ आपतकालीन केन्द्र बनाएको देखियो। सूचना प्रविधि पार्क बनेको छ। कार्यालय परिसरमा निःशुल्क ई-रिक्सा, नक्सा पास र समय पास सञ्चालन रहेको देखियो। व्यक्तिगत मनो सामाजिक कक्ष निर्माण भएको पाइयो। यहाँ ४१ करोड राजस्व उठ्ने गरेको जानकारी सुनियो।

- माघ २८ गते वुटवल उप-महानगरपालिका प्रमुख खेलराज पाण्डे लगायतका पदाधिकारीसँग भेटघाट भयो। वुटवल र कर्नालीको सम्बन्ध कृषि, पर्यटन, जलस्रोत र शिक्षामा हुने धारणा आयो। निजी क्षेत्रले गरेको काममा सहयोग गरेको, निम्न वर्गलाई हेरेर शिप र उत्पादनसँग जोडेर बजेट छुट्याएको, सीप, भूगोल र नैतिक शिक्षामा जोडिएर काम गर्नुपर्ने अनुभव सुनियो। आर्थिक राजधानी बनाउने र वुटवल-मुक्तिनाथ सपना देखेको जानकारी पनि पाइयो।
- माघ २८ गते अमरापुरी खानेपानी उपभोक्ता समिति नवलपरासीमा अवलोकन भ्रमण गरियो। पानी निर्मलीकरण प्रविधि हेर्नुका साथै अनुभव आदान प्रदान गरियो।
- माघ २९ गते अर्धाखाँचीको रजियामा साइड सीन अवलोकन गरियो। यहाँ पानीको मुल सुकेको र मुहान जोगाउन गरिएको संरक्षण क्षेत्र हेरियो। पोखरी पुर्नभरण खाल्डो, माथिल्लो खानेपानी मुहान संरक्षण गरिएको, बोट बिरुवा रोपेपछि पानीको मात्रा बढेको अनुभव स्थानीयबाट सुन्न पाइयो।

## ६. निष्कर्ष

यस भ्रमणको समीक्षात्मक बैठक माघ २९ गते गाडीभित्रै भयो। भ्रमण निकै उपलब्धीमूलक रहेको अनुभव भ्रमण दलमा सहभागीहरुबाट प्राप्त भयो। यो भ्रमणले सर्केगाड गाउँपालिकालाई कसरी सबैका लागि दिगो खानेपानी सरसफाई तथा स्वच्छता परियोजना अझ प्रभावकारी रुपमा लागु गर्ने भन्नेमा केन्द्रित गराएको छ। साथै, गण्डकी, बागमती र लुम्बिनी प्रदेशका केही पालिकासँग भगिनी सम्बन्ध स्थापित गर्न सकिने अवसर समेत प्राप्त भएको छ।

●